# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदुर पश्चिम प्रदेश, नेपाल

प.सं.: २०७९/०८०
च. नं. ४९०

मिति : २०७९/०६/०२

श्री वडा कार्यालयहरु सवै
धनगढी उप-महानगरपालिका
धनगढी, कैलाली ।

विषयः- योजना छनौट गरि पठाउने सम्बन्धमा ।

उपरोक्त विषय सम्बन्धमा यस धनगढी उप-महानगरपालिका रोजगार सेवा केन्द्र प्र.म. रोजगार कार्यक्रम र युवारुप अन्तर्गत चालु आ.व. २०७९/०८० मा रोजगार मूलक आयोजनाहरु संचालन गर्नुपर्ने भएकाले तपसिल बमोजिमको सीमा भित्र रहि योजनाहरु छनौट गरि यही असोज १५ गते भित्र यस कार्यालयमा पठाईदिन हुन अनुरोध छ ।

तपशिल

१. योजनाहरु छनौट गर्दा नगर तथा वडाको प्राथमिकतामा रहेका दिर्घकालिन रुपमा लाभ हुने तथा श्रम प्रधान आयोजनाहरु छनौट गरि पठाउनु पर्ने छ ।
२. वडा स्तरमा साझेदारीमा संचालन हुने योजनाहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।
३. आ.व. २०७९/०८० मा सुचिकृत बेरोजगार संख्याका आधारमा अधिकतम् दुई वटा मात्र योजना पठाउनु पर्ने छ ।
४. साझेदारीमा बाहेकको आयोजनाको लागत अधिकतम् रु. ८ लाख सम्म हुनु पर्ने छ ।
५. योजनाहरु छनौटको सिफारिस गरि पठाउँदा वडा समितिको वैठकको निर्णयको प्रतिलिपी समेत संलग्न गरि पठाउनु पर्ने छ ।

पुनस्चः

**योजना छनौट गर्दा रोजगार सेवा केन्द्रको प्राविधिक र वडामा खटिएका प्राविधिकसंग अनिवार्य समन्वय गर्नुपर्ने छ ।**

रामलाल श्रेष्ठ
प्रमुख प्रसासंकिय अधिकृत

बोधार्थः
श्री नगर प्रमुख / उपप्रमुख ज्युको सचिवालय
श्री योजना तथा प्राविधिक शाखा
श्री सूचना तथा प्रविधी शाखाः सूचना website मा अपलोड गर्नहुन ।

सम्पर्कका लागि प्राबिधिक सहायक बबित बि.क. ९८६९६५६८७२